## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/९३/२०८२/०८३
## मितिः २०८३।[illegible]।०९ गते बसेको बैठक

**निर्णय नं.(१)**

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपूरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समीक्षा तथा विश्लेषण गरियो।

**निर्णय नं.(२)**

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा मालपोत ऐन,२०३४ को दफा ८(२) तथा मालपोत नियमावली संशोधन सहित २०३६ को नियम ५(क) प्रयोजनार्थ कानेपोखरी गाउँपालिकाको कार्यालय,भौंसाबारी क्षेत्रभित्रका जग्गाहरुको आ.व.२०८३।०८४ मा रजिष्ट्रेशन लिखतमा न्यूनतम थैली अङ्क कायम गर्न जग्गाको भौगोलिक अवस्थिति,भौतिक पूर्वाधार र विकास निर्माणका क्रियाकलाप,जग्गाको आकार प्रकार,व्यापारिक तथा पर्यटकीय क्रियाकलाप, सडक सञ्जालको अवस्था तथा कारोवारमा भएको खरिद बिक्री मूल्य जस्ता विविध पक्षहरुलाई मध्येनजर गरी कानेपोखरी गाउँपालिकाको क्षेत्रभित्र न्यूनतम मूल्य कायम गर्न यस पालिका अन्तर्गतका वडाहरुबाट आ-आफ्नो क्षेत्रभित्रका जग्गाको न्यूनतम मूल्याङ्कन अङ्क यकीन गरी कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा १५ दिन भित्र विवरण पेश गर्ने/गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(३)**

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा स्थानीय भू-उपयोग परिषद कानेपोखरी गाउँपालिकाबाट आधार तथा मापदण्ड, भू-उपयोग नक्सा वर्गीकरण अनुसार कित्तागत विवरण तयार गर्ने क्रममा आधार तथा मापदण्ड अनुसार कित्तागत विवरणमा कित्ता छुटेको,कित्तागत विवरण फरक परेको, वर्गीकरण नक्सा तयार भएको समयमा नक्सा सिट छुटेर कित्ताहरु नदेखिएको सम्बन्धमा कित्तागत विवरणमा छुट भएका कित्ता र वर्गीकरण हुन छुट भएको नक्सा सिटहरुलाई अध्ययन गरी विज्ञको सहयोगमा वर्गीकरण नक्सा र कित्तागत विवरणलाई सुधार गर्न सम्बन्धित वडाका वडा अध्यक्षहरु सहित नापी प्राविधिकसँग समन्वय गरी वर्गीकरण छुट यकीन गरी स्थानीय भू-उपयोग परिषदमा १५ दिन भित्रमा पेश गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं.(४)**

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारीको नाममा रहेको मोरङ्ग बयरवनको नक्सा नं. ६।क को कित्ता नं.२ को क्षेत्रफल ०-१३-१० , नक्सा नं.६।क को कित्ता नं.२०५ को क्षेत्रफल ०-०-१, नक्सा नं. ८।ज को कित्ता नं.२५४ को क्षेत्रफल ०-२-० जग्गाको नापजाँच,साँधसिमाना, रेखाङ्कन गर्न नापी कार्यालयबाट नापी अधिकृत सहितको

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: ८/९३/२०८२/०८३
मिति: २०८३।०२।०९ गते बसेको बैठक

नापी प्राविधिक मगाई प्राविधिकबाट प्राप्त नापी प्राविधिक प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा मिति २०८३।०२।०७ गते बसेको विपद व्यवस्थापन समितिले निर्णय गरी पेश गरेको विपदजन्य अत्यावश्यक सामाग्री खरिदका लागि विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रु.५०,०००।– मा नबढ्ने गरी खरिद कार्य प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(६)

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत अनुमति लिई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको भौतिक पूर्वाधार संरचना विद्यार्थी संख्या, लगायत न्यूनतम मापदण्ड लगायत विषयमा अध्ययन गरी ७ दिन भित्र पेश गर्न तपसिलका समिति गठन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

तपसिल

१. श्री भोलाप्रसाद अधिकारी,गा.पा.उपाध्यक्ष – संयोजक
२. श्री सुशिल बुढाथोकी,वडा अध्यक्ष, – सदस्य
३. श्री खड्ग बहादुर बस्नेत,सामाजिक विकास समितिका अध्यक्ष – सदस्य
४. श्री हिराकुमारी यादव,प्रमुख प्रशासकीय अधिकृत - सदस्य
५. श्री चुडामणी रेग्मी, शिक्षा शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गत कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित निरीक्षण, सुपरीक्षण तथा अनुगमन, सघन अनुगमन,मूल्याङकन तथा नियमन गरी सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्न कानेपोखरी गाउँपालिकाको सहकारी ऐन,२०८० को दफा १०२ को उपदफा(१) बमोजिम "सहकारी संस्था अनुगमन,निरीक्षण तथा नियमन सम्बन्धी मापदण्ड,२०८३" मापदण्ड बनाई स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

राजमती इङनाम
अध्यक्ष

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/९३/२०८२/०८३
मितिः २०८३।०२।०९ गते बसेको बैठक

**निर्णय नं.(८)**

प्रस्ताव नं.(८) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका वडा नं.७ अन्तर्गत तपसिलका मर्मत सम्भार गर्नु पर्ने योजनाहरु स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

तपसिल

| क्र.सं. | योजनाको नाम | रकम | खर्च शीर्षक लेखे |
|---|---|---|---|
| १ | सुकुना खोलामा कल्भर्ट मर्मत सम्भार | ४ लाख | मर्मत सम्भारकोषबाट |
| २ | नगरप्रहरी आवास निर्माण तथा मर्मत सम्भार | ५ लाख | मर्मत सम्भारकोषबाट |

**निर्णय नं.(९)**

प्रस्ताव नं.(९) का सम्बन्धमा छलफल गर्दा वडा नं.२ स्थित कानेपोखरी गाउँपालिकाको आफ्नो स्वामित्वमा रहेको क्षेत्रफल करिब १-१-१२ जग्गामा ४० घर परिवारका लागि जनता आबास निर्माण गरी विपन्न, घरविहीन नागरिकलाई आवास प्रदान गरी बसोबास गराएको र उक्त आवास क्षेत्र नजिक बालबालिकाहरुका लागि पायक पर्ने विद्यालय नभएको हुनाले सोही आवास क्षेत्रमा मिति २०८३।०२।१५ गते देखि लागू हुने गरी प्रारम्भिक बाल विकासमा कक्षा सञ्चालन गर्ने, सञ्चालन गर्नका लागि १ जना बाल विकास सहजकर्ताको व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं.(१०)**

प्रस्ताव नं.(१०) का सम्बन्धमा छलफल गर्दा गाउँ तथा नगरसभा सदस्यहरुको सुविधा ऐन,२०७५ को दफा ३ को उपदफा(३) एवम् कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा १८ को उपदफा(१) बमोजिम कानपोखरी गाउँपालिकाको अध्यक्षको सचिवालय व्यवस्थापनको लागि रा.प.अनं प्रथम श्रेणी वा सो सरहको तलब भत्ता सेवा सुविधा पाउने गरी श्री राजकुमारी तामाङलाई कानेपोखरी गाउँपालिकाको अध्यक्षको सचिवालयमा नीजि सचिवको रुपमा मिति २०८३।०१।०१ गते देखि लागु ने गरी नियुक्त गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(११)**

प्रस्ताव नं.(११) का सम्बन्धमा छलफल गर्दा दिगोपन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडको स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन भएकोमा गत आ.व. मा ब.ख. गर्दा धरौटीको रकम छुट रु.२५,०००।- गत आ.व.को दायित्व भुक्तानी शीर्षकबाट छुट धरौटी रकम रु.२५,०००।- (पच्चिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

CamScanner